# मानव बेचबिखन फिल्डबुक

**बँधुवा मजदुर मुक्ति तथा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण विषयक कार्य सञ्चालन निर्देशिका नेपालमा**

## मानव बेचविखन तथा ओसारपसारका अपराधीहरुको अभियोजनको प्रक्रियाः



मानव बेचबिखन फिल्डबुक
मानव बेचविखन तथा ओसारपसारका अपराधीहरुको अभियोजनको प्रक्रिया:

एनजीओ र उनिहरुका वकिलहरुको लागि ह्यान्डबुक

यदि तपाईँलाई यो पुस्तिका तपाईँको वकालतमा उपयोगी लाग्छ भने, कृपया यसलाई नेपालमा काम गर्ने अरु संग साझा गर्न नहिचकिचाउनुहोस्। यो सीमित क्रिएटिभ कमन्स इजाजतपत्र अन्तर्गत प्रतिलिपि अधिकार गरिएको छ जसले अनुमति बिना यस पुस्तिकाको प्रतिलिपि गर्न र वितरण गर्न अनुमति दिन्छ, जबसम्म कुनै आर्थिक लाभ प्राप्त हुँदैन र न्याय भेन्चर इन्टरनेशनललाई क्रेडिट दिइन्छ। यदि तपाइँ यसलाई हार्ड प्रतिलिपिको रूपमा पढ्दै हुनुहुन्छ भने, तपाइँ info@justiceventures.org मा सम्पर्क गरेर सफ्ट प्रतिलिपि प्राप्त गर्न सक्नुहुन्छ।

CC BY NC

यो काम क्रिएटिभ कमन्स एट्रिब्युशन गैर-वाणिज्यिक 4.0 अन्तर्राष्ट्रिय इजाजतपत्र अन्तर्गत इजाजतपत्र दिइएको छ।
Justice Ventures International द्वारा उत्पादित

http://www.justiceventures.org/

# मानव बेचविखन तथा ओसारपसारका अपराधीहरुको अभियोजनको प्रक्रिया:

(रेखाचित्र)

**चरणः १**
जाहेरी दरखास्त दर्ता गर्ने

**चरणः २**
पीडितहरुलाई जिल्ला अदालत समक्ष उपस्थिति गराउने

**चरणः ३**
पीडितको बयानको अभिलेखिकरण

**चरणः ४**
अभियुक्तलाई पक्राउ गर्ने

**चरणः ५**
छुट्टै निजी कानुन व्यवसायी नियुक्त गर्ने (वकालतनामा)

**चरणः ६**
यौन व्यवसाय गर्ने स्थलको सम्पत्ति जफत गर्ने

**चरणः ७**
पीडितको लागि क्षतिपूर्ति सम्बन्धी निवेदन पेश गर्ने

**चरणः ८**
अभियोगपत्र दर्ता गर्ने

**चरणः ९**
अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा वहस पैरवी गर्ने

**चरणः १०**
मुद्दाको सम्पूर्ण प्रकृयामा सरकारी वकिलसँग सहकार्य गर्ने

**चरणः ११**
बकपत्रको लागि साक्षीलाई तयार गर्ने

**चरणः १२**
अन्तिम बहस गर्ने

**चरणः १३**
फैसला प्राप्त गर्ने

**चरणः १४**
पुनरावेदन गर्ने

## चरण १ जाहेरी दरखास्त दर्ता गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले मानव बेचविखन तथा ओसारपसार सम्बन्धी जाहेरी दरखास्त मानव बेचविखन तथा ओसारपसार भएको जिल्लाको स्थानीय प्रहरी कार्यालयमा दर्ता गर्ने वा दर्ता गर्न पीडितलाई सहयोग गर्ने । | कानुन व्यवसायीले प्रहरीमा दर्ता गरिएको जाहेरी दरखास्तमा मानव बेचविखन तथा ओसारपसार लगायत अन्य अपराधहरु समेटिएको सुनिश्चित गर्नुपर्ने । |

## चरण २ पीडितहरुलाई जिल्ला अदालत समक्ष उपस्थित गराउने

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गैस.ले आपराधिक कार्यमा संलग्न सम्पूर्ण अभियुक्तहरु मुख्यतया बालश्रमका अभियुक्तहरुलाई तत्काल पक्रन प्रहरीलाई सहयोग गर्नुपर्ने । | कानुन व्यवसायीले अनुसन्धान प्रकृयाभर प्रहरीलाई आवश्यकत( ानुसार कानुनी सहायता दिनुपर्ने । |

## चरण ३ पीडितको बयान अभिलेखिकरण

| गैरसरकारी संस्था | कानुन व्यवसायी |
| --- | --- |
| गै.स.स.ले बयान अभिलेखिकरणको लागि पीडितलाई प्रहरी कार्यालय समक्ष उपस्थित गराइ सहयोग गर्नुपर्दछ । | कानुन व्यवसायीले पीडितहरुलाई बयानको लागि तयारी गर्न तथा बयानका क्रममा तिनीहरुको अधिकार बारे जानकारी दिएर सहयोग गर्नुपर्दछ । |

## चरण ४ अभियुक्तलाई पक्राउ गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| गैरसरकारी संस्थाले मानव बेचविखन तथा ओसारपसारमा संलग्न सम्पूर्ण अभियुक्तलाई तत्काल पक्राउ गर्न प्रहरीलाई सहयोग र समन्वय गर्नुपर्दछ । | कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि संहिता तथा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा भएको सम्बन्धित व्यवस्थाहरु बमोजिम अभियुक्तलाई तत्काल पक्राउ गरी अनुसन्धानका कार्य अगाडि बढाउन सहयोग र सुझाव दिनुपर्दछ । |



## चरण ५ छुट्टै निजी कानुन व्यवसायी नियुक्ति गर्ने (वकालतनामा)

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| गै.स.स.ले मानव बेचविखनबाट पीडितहरुलाई निजी कानुन व्यवसायी नियुक्त गर्न सक्ने आवश्यक जानकारी दिनुपर्दछ । | कानुन व्यवसायीले ती पीडितहरुको कानुनी प्रतिनिधिको रुपमा काम गर्नको लागि अदालत समक्ष वकालतनामा पेश गर्न उनीहरुको अनुमति प्राप्त गर्नुपर्दछ । |

## चरण ६ यौन व्यवसाय गर्ने स्थलको सम्पत्ति जफत गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| गै.स.स.ले बेचविखनबाट प्राप्त गरेको सम्पत्ति जफत गर्नको लागि निवेदन दर्ता गर्न आवश्यक पर्याप्त सूचनाहरु दिएर कानुन व्यवसायीलाई सहयोग गर्नुपर्दछ । | कानुन व्यवसायीले बेचविखनबाट प्राप्त सम्पत्ति जफत गर्न सम्बन्धित अधिकारी कहाँ निवेदन दर्ता गर्ने तथा जाहेरीमा जफत गर्ने सम्पत्ति बारे उल्लेख गर्नुपर्दछ । |

## चरण ७ पीडितको लागि क्षतिपूर्तिसम्बन्धी निवेदन पेश गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| मानव बेचविखनबाट पीडितलाई पुगेको क्षति अनुसार पर्याप्त क्षतिपूर्तिको माग गर्न गराउन प्रहरी तथा सरकारी वकिल समक्ष पहल गर्नुपर्दछ । | कानुन व्यवसायीले गै.स.स. र पीडितहरुसँग छलफल गरी पीडितलाई भएको शारीरिक, मानसिक तथा आर्थिक लगायतका हानि नोक्सानी अनुसार पर्याप्त क्षतिपूर्तिको माग गरेको छ वा छैन भन्ने सुनिश्चित गर्नुपर्दछ । |

## चरण ८ अभियोगपत्र दर्ता गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| गै.स.स.ले अभियोगपत्र दर्ता गर्ने सम्बन्धमा कानुन व्यवसायीसँग जानकारी लिनुपर्दछ । | कानुन व्यवसायीले प्रहरी तथा सरकारी वकिलसँग नजिक रहेर काम गर्ने तथा तोकिएको समयमा अभियोगपत्र दायर गराउने सुनिश्चितता गर्नुपर्दछ । |

## चरण ९ अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा बहस पैरवी गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
| --- | --- |
| गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छोड्ने सम्बन्धी कुनै पनि पत्रको जानकारी पाउने वित्तिकै तुरुन्त कानुन व्यवसायी कहाँ पुऱ्याउनु पर्दछ । | कानुन व्यवसायी मौखिक तथा लिखित रूपमा धरौटीमा अभियुक्तलाई नछोड्ने पक्षमा बहस गर्न उपस्थित हुनुपर्छ । |

## चरण १० मुद्दाको सम्पूर्ण प्रकृयामा सरकारी वकिलसँग सहकार्य गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
|---|---|
| एकपटक मुद्दा सुरु भएपछि गै.स.स.ले अदालत तथा सरकारी वकिल मार्फत जानकारी लिएर पीडितहरुलाई मुद्दाको अवस्था बारे जानकारी दिई सहयोग गर्नुपर्दछ । | कानुन व्यवसायी मुद्दाको हरेक चरणमा र प्रत्येक बहस तथा सुनुवाइमा अदालतमा उपस्थित हुने तथा सरकारी वकिललाई आवश्यक सहयोग गर्नुपर्दछ । |

## चरण ११ बकपत्रको लागि साक्षीलाई तयार गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
|---|---|
| गै.स.स.ले पीडितलाई साक्षी बकपत्रको समयमा अदालतमा प्रभावकारी, स्पष्ट र सहि तरिकाले आफ्नो कुरा राख्न सहयोग गर्नुपर्दछ । | कानुन व्यवसायीले साक्षी परीक्षणको लागि सरकारी साक्षीलाई स्पष्ट, उत्तम तथा तथ्यगत रुपमा साक्षी परीक्षणमा सोधिने र जिरह गर्दा सोधिने सम्भावित प्रश्नहरु बारे जानकारी दिई कसरी उत्तर दिंदा बकपत्र बढि प्रभावकारी हुन्छ भन्ने कुरा सिकाई सर कारी वकिललाई सहयोग गर्ने । |

## चरण १२ अन्तिम बहस गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
|---|---|
| मुद्दाको अन्तिम चरणमा, अदालतले बहसनोट माग गरेमा गै.स.स.ले सरकारी वकिल मार्फत पेश गर्न सो बहसनोट तयार गर्न कानुन व्यवसायीलाई आवश्यकतानुसार सहयोग गर्ने । | अदालतबाट बहसनोट माग भएमा कानुन व्यवसायीले सरकारी वकिलसँग समन्वय गर्ने । सरकारी वकिलमार्फत अदालत समक्ष बुझाउन सहयोग गर्ने । यदि निजले समन्वय गर्न अस्वीकार गरे मा आफैले तयार गरी बुझाउन पनि सकिन्छ । |

## चरण १३ फैसला प्राप्त गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
|---|---|
| अदालतबाट फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त गर्न गै.स.स.ले पीडितलाई सहयोग गर्ने। | फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त गरी सो फैसलामा बोलेका कुराहरु र फैसलाको परिणाम कानुन व्यवसायीले पीडितहरुलाई बुझाउने। |

## चरण १४ पुनरावेदन गर्ने

| गैरसरकारी संस्था | कानुन व्यवसाय |
|---|---|
| सुरु अदालतबाट भएको फैसलामा चित्त नबुझेमा सो विरुद्ध पुनरावेदनपत्र तयार गर्नको लागि गै.स.स.ले कानुन व्यवसायीँग सहकार्य गर्ने। | सुरु अदालतबाट भएको फैसलामा चित्त नबुझे उच्च अदालतमा पुनरावेदनपत्र दर्ता गर्न आवश्यक देखिएमा कानुन व्यवसायीले सरकारी वकिलसँग समन्वय गर्नुपर्दछ। |



# मानव बेचबिखन तथा ओसारपसारका अपराधीहरुको अभियोजनको प्रक्रिया:

## चरण १ जाहेरी दरखास्त दर्ता गर्ने

**गैरसरकारी संस्था**

गै.स.स.ले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जाहेरी दरखास्त मानव बेचबिखन तथा ओसारपसार भएको जिल्लाको स्थानीय प्रहरी कार्यालयमा दर्ता गर्ने वा दर्ता गर्न पीडितलाई सहयोग गर्ने ।

**गैरसरकारी संस्था** (टिप्पणी)

स्थानीय प्रहरी कार्यालयमा पेश गर्ने जाहेरी दरखास्तमा सम्बन्धित अपराधहरु सबै समावेश गरेको सुनिश्चित गर्नुपर्दछ । यदि उक्त जाहेरी प्रहरी कार्यालयले दर्ता गर्न अस्वीकार गरेमा कानुन व्यवसायीको सहयोग लिनुपर्दछ । पीडित नाबालक भएको अवस्थामा निजलाई बालबालिकाकै रुपमा व्यवहार गर्नुपर्दछ ।

**कानुन व्यवसायी**

कानुन व्यवसायीले प्रहरीमा दर्ता गरिएको जाहेरी दरखास्तमा मानव बेचबिखन तथा ओसारपसार लगायत अन्य अपराधहरु समेटिएको सुनिश्चित गर्नुपर्ने ।

**कानुन व्यवसायी** (टिप्पणी)

कानुन व्यवसायीले गै.स.स.द्वारा पेश गरिएको जाहेरी दरखास्त प्रहरी कार्यालयले दर्ता गरेको सुनिश्चित गर्नुपर्दछ । मानव बेचबिखन सम्बन्धी अपराधको जानकारी भएको वा कुनै पनि व्यक्तिले जाहेरी वा सूचना प्रहरी कार्यालयमा दर्ता गर्न सक्छ । यसको लागि कानुन व्यवसायीले सरकारी अधिकारीहरु, पीडित वा निजको परिवार, वा घटनाको जानकारी भएका अन्य कसैलाई जाहेरी दरखास्त दर्ता गर्न प्रोत्साहन गर्न सक्छ ।

**कानुन व्यवसायी** (टिप्पणी)

जाहेरी दरखास्तमा समावेश गर्नुपर्ने महत्त्वपूर्ण जानकारीहरु:

- अपराध भएको मिति र स्थान, साक्षी, प्रमाण तथा अन्य कानुनी कागजातहरु
- पछि उद्धार भएको भए उद्धार भएको मिति र स्थान
- उद्धारको समय
- उद्धार भएको पीडितको नाम र उमेर
- प्रहरी कार्यालयबाट घटनास्थलको दुरी ज्ञ अपराध भएको स्थान
- यौन व्यवसायको लागि बेचबिखन भएको भए गर्ने स्थलका मालिक/व्यवस्थापक/ संचालकको नाम र ठेगाना (थाहा भएमा) अपराध सम्बन्धी विवरण
- उद्धार गरिएको स्थान र जफत गरिएको सामग्रीको संक्षिप्त विवरण
- उद्धार टोलीको विवरण

कानुन व्यवसायीले जाहेरी दरखास्त मुलुकी फौजदारी कार्यविधि संहिताको २०१७/२०७४ को दफा ४(३) बमोजिम दर्ता गरिएको प्रहरी कार्यालयका कार्यालय प्रमुखद्वारा सुनिश्चित गर्नुपर्छ।

प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेमा:

जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा सो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त

## कानुन व्यवसायी (टिप्पणी)

वा सूचना सहित उजुर गर्न सक्नेछ। (मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५ (१)) यसरी प्राप्त भएको उजुरी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।(मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५(२)) यदि उक्त जाहेरी अझै पनि दर्ता गर्न अस्वीकार गरेको अवस्थामा उल्लिखित कार्यालय वा अधिकारीले इन्कार गरेमा सोही व्यहोरा खुलाई कसुरको सूचना सहित सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सक्नेछ। तर प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा गृह मन्त्रालयमा त्यस्तो उजुर दिन सकिनेछ। (मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५(४)) यसरी माथि उल्लेख गरे बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयले तीन दिन भित्र सूचना दर्ता गर्ने वा नगर्ने निर्णय गरी सम्बन्धित कार्यालयलाई सो बमोजिम गर्न वा गराउन निर्देशन दिनु पर्नेछ। (मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५(५))

जाहेरी दरखास्तमा अपराध पुष्टीको लागि पेश गरिएका तथ्यहरुले अपराध प्रमाणित नहुने भएमा कानुन व्यवसायीले अपराध सावित हुने थप लिखत, अन्य सहायक प्रमाण कागजातहरु निवेदन साथ पेश गर्नुपर्दछ।

## ध्यान दिनुपर्ने कुराहरु

जोसुकैले पनि जाहेरी दरखास्त दिन सक्ने: मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसुर गरेको वा गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछन्। उजुरी गर्ने व्यक्ति प्रहरी अधिकारी, गै.स.स., स्थानीय बाल कल्याण अधिकारी, पीडितका बाबुआमा वा आफन्तहरु, पीडितको प्राथमिक हेरचाह गर्ने, अन्य अपराधको जानकारी भएका कुनै व्यक्ति र पीडित आफै पनि हुन सक्छ।

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको को दफा १(३) बमोजिम, यो ऐन नेपाल भर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसुर गरे जुनसुकै व्यक्तिको हकमा समेत लागु हुनेछ।

अनुसन्धान अधिकारीको नाम अभिलेखिकरण गर्नुपर्ने: अनुसन्धान अधिकारीको नाम र पदसहित जाहेरीमा उल्लेख गर्नुपर्छ। अनुसन्धान अधिकारीको मुद्दाको पुर्पक्षको क्रममा महत्त्वपूर्ण भूमिका रहन्छ र त्यसैले अनुसन्धान अधिकारीको विवरणहरु स्पष्ट रुपमा जाहेरी दरखास्तमा उल्लेख गर्नुपर्छ।

जाहेरी दरखास्त दर्ता गर्नुपर्ने अनिवार्य कर्तव्य: मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ४(३) बमोजिम दर्ता भएका जाहेरी वा सूचना कुनै व्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा आफै उपस्थित भई दिएमा वा कुनै व्यक्तिमार्फत पठाएमा वा विद्युतीय माध्यमबाट सूचना दिएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी निजलाई भरपाइ दिनुपर्ने।

मानव बेचविखन तथा ओसारपसार ऐनको ७ बमोजिम अनुसन्धान गर्ने: यस ऐन बमोजिम कसुर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकाबरी पाई तुरुन्त कारबाही नगरेमा कसुरदार भाग्ने,उम्कने वा त्यस्तो कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जनुसकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ:

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,
(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा अवरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारवाही गर्न,
(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूजी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,
(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।

पीडितलाई अनुसन्धान बारे जानकारी पाउने अधिकार: अपराध पीडित संरक्षण ऐन, २०७५/२०१८ को दफा ७ बमोजिम पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारीले देहायका विषयमा यथाशीघ्र सूचना दिनुपर्नेछ:

- पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानुनी वा अन्य कुनै सेवा वा परामर्श,
- अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना,
- अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,
- अनसुन्धान तथा तहकिकातको प्रगति ववरण,
- शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,
- शंकास्पद व्यक्ति पक्राउ भए सोको व्योहरा,



- शंकास्पद वा अन्य कुनै व्यक्तिले कसुरका सम्बन्धमा अनसुन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,
- अनसुन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनसुन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानुन बमोजिम हिरासतबाट छोडेमा सोको व्यहोरा,
- कसुरका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुने अनसुन्धान तथा तहकिकातका प्रकृया सम्बन्धी सामान्य जानकारी।

## थप जानकारी तथा कार्य

जाहेरीको नमुना: जाहेरीको ढाँचा बारे बुझ्न स्थानीय प्रहरी कार्यालय वा व्क्ष मा कार्यरत कानुन व्यवसायीलाई सम्पर्क गर्न सकिनेछ वा निदे शिकाको अनुसूची २ हेर्न सकिनेछ। उच्च अदालतमा पेश गरिने रिट निवेदन सम्बन्धी मस्यौदा प्राप्त गर्न  मा कार्यरत कानुन व्यवसायीलाई सम्पर्क गर्न सकिनेछ।

# चरण २ पीडितहरुलाई जिल्ला अदालत समक्ष उपस्थित गराउन

## गैरसरकारी संस्था

गै.स.स.ले उद्धार गरिएका पीडितहरुलाई बेचविखन तथा ओसारपसार बारे तिनीहरुको बयान प्रमाणीकरण गर्नका लागि जिल्ला अदालत समक्ष उपस्थित गराउने बारेमा सुनिश्चित गर्नुपर्ने।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरुले पीडितहरुलाई बयानको निमित्त प्रहरी समक्ष उपस्थिति गराउनु पर्दछ। प्रहरीले पीडितहरुसँग बयान लिने क्रममा पीडितहरुप्रति संवेदनशील हुन तथा मर्यादापूर्वक व्यवहार भएको सुनिश्चित गर्नुपर्दछ। पीडितहरुबाट बयान लिइसकेपछि उक्त बयान प्रमाणीकरण गर्न जिल्ला अदालतमा उपस्थित गराउनु पर्छ। पीडितहरुको स्वास्थ्य परीक्षणको लागि गै.स.स.मा तिनीहरुलाई हेरचाह गर्ने सहयोगीहरु महिला प्रहरीसाथ जानु पर्दछ तथा त्यहाँ सम्पूर्ण कार्यहरु सम्पन्न भएपछि प्रहरीले ती पीडितहरु बसिरहेकै पुर्नस्थापनाा केन्द्रमा पुऱ्याइदिनुपर्छ।

## कानुन व्यवसायी

अदालतमा सोधिने प्रश्नहरुबाट आत्तिने वा डराउने अवस्था सृजना नभई सोधिएका प्रश्नहरुको सहि तरिकाले जवाफ दिन सकुन् भन्नका लागि कानुन व्यवसायीले बयानको बेला पीडितहरुलाई आवश्यकतानुसार सुझाव दिनुपर्दछ। अदालतमा सोधिने प्रश्नहरुबाट आत्तिने वा डराउने अवस्था सृजना नभई सोधिएका प्रश्नहरुको सहि तरिकाले जवाफ दिन सकुन् भन्नका लागि कानुन व्यवसायीले बयानको बेला पीडितहरुलाई आवश्यकतानुसार सुझाव दिनुपर्दछ।

## कानुन व्यवसायी (टिप्पणी)

प्रहरी अधिकारीले पीडितहरुको बयान उचित तरिकाले अभिलेखिकरण गरेको कुरा कानुन व्यवसायीले सुनिश्चित गर्नुपर्दछ र जिल्ला अदालतमा निजको बयान प्रमाणीकरण गर्न पीडित व्यक्तिलाई सहयोग गर्नुपर्दछ।

पीडितहरुलाई तिनीहरुको इच्छा विपरीत बयान दिन प्रहरीले बाध्य नगरेको तथा प्रहरीले ती पीडितहरुलाई सम्मान एवं मर्यादापूर्वक व्यवहार गरेको छ भन्ने कानुन व्यवसायीले सुनिश्चित गर्नुपर्दछ। (मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको ६)

## ध्यान दिनुपर्ने कुराहरु

बयान प्रमाणीकरण गराउने कार्यविधि: मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६ मा उल्लेख भएअनुसार यदि पीडित आफैले उजुरी दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान लिई उक्त बयान प्रमाणीकरण गराउनको लागि तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ। प्रहरी कार्यालयले उक्त बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकार भित्र नपर्ने भए तापनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक

उपस्थित नभए तापनि उक्त बयानलाई अदालतले प्रमाणको रुपमा लिन सक्नेछ।

संरक्षणको लागि दिने निवेदन विरुद्धमा: पीडित बालबालिकाको सम्बन्धमा निजको अभिभावक वा आफन्तले संरक्षणको लागि निवेदन पेश गरेकोमा, उनीहरुको घरमा हिंसाको सम्भावना हुने संकेत विद्यमान रहेमा वा घरको पारिवारिक अवस्थाको चेकजाँच प्रतिवेदन विचाराधीन रहेमा उक्त निवेदन अस्विकार हुने सुनिश्चितता कानुन व्यवसायीले गर्नुपर्दछ।

उद्धार टोलीको सुरक्षा सम्बन्धमा: कुनै पनि परिस्थितिमा उद्धार टोलीलाई प्रहरीले पक्राउ गर्नु हुँदैन। अन्यथा उद्धार टोलीले थप जोखिमको सामना गर्नुपर्ने हुन्छ।

पीडित व्यक्ति नाबालिग भएको आशंका भएमा: उद्धार गरिएका पीडितको उमेर निश्चित नभएमा सो पीडितलाई बालकल्याण अधिकारी समक्ष पठाउनु पर्दछ। यदि उद्धार गरिएका बालबालिका हिंसा वा यौन दुर्व्यवहारको पीडित रहेछ भने उनीहरुलाई प्रहरी अस्थायी संरक्षण गृहमा पठाउनु पर्छ। (बालबालिका सम्बन्धी ऐन, २०७५/२०१८ को दफा ७० ) यदि बाल कल्याण अधिकारीले पीडित बालिग हो होइन भन्ने सम्बन्धमा निश्चित गर्न नसकेको अवस्थामा बालबालिकाको हक सम्बन्धी ऐनको दफा ८३ मा उल्लेख गरिएको बालबालिकाको उमेर कायम गर्ने सम्बन्धमा देहायका कुरालाई आधार मानिनेछ:

(क) अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,
(ख) जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,
(ग) जन्म मिति र प्रमाणपत्र दुवै नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति वा
(घ) अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति
(ङ) माथिका कुनै पनि प्रमाण नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य संवद्ध प्रमाण।

जिल्ला अदालत वा बाल कल्याण अधिकारी समक्ष पीडितलाई उपस्थित गराउने र अपराधीलाई पक्राउ गर्ने: दुवै चरण २.२ र चरण २.३ एकैसाथ हुन सक्छ र कुनै घटनाहरुमा (उदाहरणका लागि, जब उद्धार रातमा हुन्छ) चरण २.३, चरण २.२ भन्दा अगाडि आउँछ।

## थप जानकारी तथा कार्य

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका: उद्धार गरिएको पीडित बालबालिका यदि बालबालिका सम्बन्धी ऐन, २०७५(२०१८) को दफा ४८ मा उल्लिखित कुनै पनि अवस्थासँग मेल खान्छ भने निज बालबालिकालाई विशेष संरक्षण आवश्यकता भएका बालबालिका मानिनेछन् र त्यस्ता बालबालिकाहरुको कल्याण र पुर्नस्थापनाा गर्ने जिम्मा बाल कल्याण अधिकारीको क्षेत्राधिकार भित्र पर्ने हुन्छ। पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा राख्ने र त्यस्तो सेवाहरु प्रदान गर्न सामाजिक सेवा प्रदायकलाई सुम्पिने सहित आवश्यक सेवाहरुको व्यवस्था गर्ने अधिकार बाल कल्याण अधिकारीको हुनेछ। थप जानकारीको लागि बालबालिका सम्बन्धी ऐनको दफा ५० मा हेर्नुहोस्।
बाल कल्याण अधिकारीले अभिभावकलाई बालबालिकाको संरक्षकत्व हस्तान्तरण गर्ने आदेश: बालबालिकाको कल्याण र पीडितलाई पुनर्स् थापित गर्न जिम्मेवार बाल कल्याण अधिकारीको हुन्छ। बालबालिका सम्बन्धी ऐनको दफा ५०(५)अनुसार जाँचबुझ तथा छानबिन गर्दा विशे ष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नुपर्ने छ। त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ।
गै.स.स.का प्रतिनिधिहरु र कानुन व्यवसायीहरुले पीडित बालबालिका उनका आमाबाबु वा अभिभावकहरुलाई हस्तान्तरण गर्ने क्रममा निजहरुले ती बालबालिकाहरु पुनः बेचबिखन वा ओसारपसारमा पर्ने आशंका देखिएमा त्यस्ता व्यक्तिको अनुरोधलाई इन्कार गर्न सक्दछ। बालबालिकाहरु मानव बेचबिखनको शंकास्पद अपराधीहरुबाट बालबालिकालाई कसरी जोगाउन सकिन्छ भन्ने बारेमा थप जानकारी JVI ले दिन सक्छ।

# खण्ड ३ पीडितको बयान अभिलेखिकरण

## गैरसरकारी संस्था

गै.स.स.ले बयान अभिलेखिकरणको लागि पीडितलाई प्रहरी कार्यालय समक्ष उपस्थित गराइ सहयोग गर्नुपर्दछ।



## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरुले पीडितलाई आफ्नो इच्छा विपरीत बोल्न बाध्य नगराउने तथा तालिम प्राप्त परामर्शदाताले उनीहरुलाई राय परामर्श दिएको र उनीहरुलाई भाषाको समस्या भएमा अनुवादकहरुको व्यवस्था गरेको सुनिश्चित गर्नुपर्दछ।

गै.स.स.का प्रतिनिधिहरुले पीडितहरुसँग राम्रो सम्बन्ध बनाउनुपर्दछ र उक्त पीडितहरु कसरी बेचबिखनमा परेका थिए, कहाँ बेखबिखन भएका थिए र कति समयसम्म र के कस्तो दुर्व्यवहार भोग्नु पऱ्यो सो बारे विस्तृत जानकारी प्राप्त गर्नुपर्दछ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले पीडितहरुलाई बयानको लागि तयारी गर्न तथा बयानका क्रममा तिनीहरुको अधिकार बारे जानकारी दिएर सहयोग गर्नुपर्दछ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले पीडितसँग लिएको बयान उनको व्यक्तिगत जानकारी, उमेर, ठेगाना, परिवारको पृष्ठभूमि, इत्यादि जस्ता जानकारी प्राप्त गर्नका लागि लिइएको हो भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ। पीडित व्यक्तिको बयान महिला प्रहरीले वा गै.स.स.का महिला प्रतिनिधिको उपस्थितिमा लिइएको हो भन्ने कुरा कानुन व्यवसायीले सुनिश्चित गर्नुपर्दछ।
दफा ६ बमोजिम पीडित आफैले उजुरी दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ।

उक्त बयान अदालतमा प्रमाणित गर्नुपर्ने भएकोले कानुन व्यवसायीले पीडितलाई बयानको लागि तयारी गर्नुपर्ने तथा अदालतको प्रकृया बारे निजलाई जानकारी गराउनु पर्दछ।

बयान प्रमाणीकरण पश्चात थप प्रकृयाका सन्दर्भमा पीडित अदालतमा उपस्थित हुन नसकेको अवस्थामा निजको पहिलाको बयान प्रमाणको रुपमा स्वीकारिनेछ।

सर्वोच्च अदालतले यस विषयमा लोक ब. कार्की वि. नेपाल सरकार, ने.क.पा. २०७२ भाग २, निर्णय नं ९३४६, गोमा पन्चकोटी वि. नेपाल सरकार,ने.क.पा २०७२ भाग १, निर्णय नं ९३३३ जस्ता मुद्दामा नजिर समेत प्रतिपादन गरेको छ ।

## ध्यान दिनुपर्ने कुराहरु

बयानसम्बन्धी सामान्य निर्देशनहरु: सत्यतथ्य जानकारी प्राप्त गर्नको लागि पीडितहरुसँगको सम्बन्ध विकास गर्नु महत्त्वपूर्ण पक्ष हो। पीडितहरुसँग समय बिताउनु भनेको सम्बन्ध विकासको एउटा महत्त्वपूर्ण पक्ष हो। सम्बन्ध विकासका थप केहि उपायहरु: पीडितहरुले आफ्नो घटना व्यक्त गर्दा सहज वातावरणको सुनिश्चितता गर्नु, बयानको प्रकृया बारे पूर्ण जानकारी दिने र साँचो बयानको महत्त्वबारे पीडितहरुलाई जानकारी दिने।

प्रहरी र प्रोबेसन अधिकृतसँग काम गर्ने: पीडितहरुबाट सत्य कुरा प्राप्त गर्नका लागि गै.स.स.का कानुनसम्बन्धी काम हेर्ने कर्मचारीले पनि प्रहरी र प्रोबेसन अधिकृतसँग मिलेर काम गर्नुपर्ने छ।

- गोपनीयता: पीडितहरुसँग विश्वसनीय सम्बन्ध बनाउन गोपनीयताले महत्त्वपूर्ण भूमिका खेल्दछ। यद्यपि साँचो बयानकोलागि पीडितलाई उनको घटना व्यक्त गर्न प्रोत्साहन गरी सकारात्मक वातावरण तयार गर्नुपर्दछ। तर पीडितलाई उनका घटना व्यक्त गर्नको लागि कुनै पनि प्रकारको दवाव दिनु हुँदैन।
- अपराधीको विस्तृत पहिचान, जस्तै उसको हाउभाउ, फोटोहरु आदि सार्वजनिक गर्नुपर्दछ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ११ बमोजिम कसुरसम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोगहुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वाअनुवादक राख्न सक्नेछ।
- पीडितको सुरक्षा बारे: उद्धार स्थलमा पीडितको सुरक्षा सुनिश्चित गर्नुपर्दछ।
- पीडकको हिंस्रक व्यवहारबाट सावधान रहने: यदि कसैले पीडकको हिंस्रक, दुर्व्यवहार गर्ने स्वभाव सम्बन्धी गुनासोगरेमा त्यस्ता पीडकबाट पीडितलाई विशेष सुरक्षा दिनुपर्दछ।

# खण्ड ४ अभियुक्तलाई पक्राउ गर्ने

### गैरसरकारी संस्था

गैरसरकारी संस्थाले मानव बेचविखन तथा ओसारपसारमा संलग्न सम्पूर्ण अभियुक्तलाई तत्काल पक्राउ गर्न प्रहरीलाई सहयोग र समन्वय गर्नुपर्दछ ।

### गैरसरकारी संस्था (टिप्पणी)

पीडितहरुसँग अपराधीको पहिचान सम्बन्धमा कुनै पनि जानकारी भएमा गै.स.स.ले त्यस्ता जानकारी यथाशीघ्र कानुन व्यवसायी तथा प्रहरीलाई दिनुपर्दछ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि संहिता तथा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा भएको सम्बन्धित व्यवस्थाहरु बमोजिम अभियुक्तलाई तत्काल पक्राउ गरी अनुसन्धानका कार्य अगाडि बढाउन सहयोग र सुझाव दिनुपर्दछ ।

### कानुन व्यवसायी (टिप्पणी)

अभियुक्तहरुको पक्राउ तथा तिनीहरु माथिको अनुसन्धान कानुन बमोजिम भएको हो भन्ने कानुन व्यवसायीले सुनिश्चित गर्नुपर्दछ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९ तथा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ७ बमोजिम थुनामा राखी कारबाही गर्नुपर्ने मुद्दाका अभियुक्तहरुलाई तत्काल पक्राउ गरी र अनुसन्धान कार्य अगाडि बढाउन कानुन व्यवसायीले प्रहरीलाई सहयोग तथा समन्वय गर्नुपर्दछ । पीडकको चेतावनी, धाकधम्कीबाट गै.स.स., साक्षी तथा पीडितको परिवारलाई संरक्षण आवश्यक परेमा कानुन व्यवसायीले कानुनी प्रकृयामा जान सहयोग गर्नुपर्दछ ।

### ध्यान दिनुपर्ने कुराहरु

**मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसार पक्राउ गर्ने:** यस ऐनको दफा ७ बमोजिम कसुर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसुरदार भाग्ने उम्कने वा त्यस्तो कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि : कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछः

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न
(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,
(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पुर्जी गिरफ्तार गर्न वा निजको खानतलासी गर्न,
(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

**मुलुकी फौजदारी कार्यविधि संहिता अन्तर्गत पक्राउ गर्ने:** मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९ बमोजिम कसुरसँग सम्बन्धित कुनै ब्यक्ति फेला परेमा वा कसुर गर्दागर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ । कुनै ब्यक्तिलाई कसुरको अनुसन्धानको सिलसिलामा तत्कालै पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाईसम्भव भएसम्म पक्राउ गर्नुपर्ने ब्यक्तिको पहिचान खुल्ने विवरणसहित पक्राउ पुर्जी जारी गर्ने अनुमतिको लागि मुद्दाहेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ । पक्राउ गर्नुपनेकारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमापक्राउ पुर्जी जारी गर्ने अनुमति दिन सक्नेछ । तर पक्राउ गर्नुपर्ने ब्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन ।यद्यपि कसुर गर्ने ब्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो ब्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्टगर्ने मनासिब कारण भएमा त्यस्तो ब्यक्तिलाई तत्कालै पक्राउ पुर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको ब्यक्तिसहित मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने छ।



पक्राउ पुर्जी जारी गरी कुनै ब्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कसुरसँग सम्बन्धित अन्य अनुसन्धानसम्बन्धी कारबाही गर्न सकिने छैन ।
तर कसुरसँग सम्बन्धित सबुद प्रमाण नष्ट हुने, हराउने वा नासिने सम्भावना भएमा पक्राउ गरिएको ब्यक्तिको शरीर, निजले प्रयोग गरेको चिजवस्तु, सवारी साधन, निज रहे बसेको घर वा स्थानको तत्काल खानतलासी लिन सकिनेछ। त्यसरी खानतलासी लिएकोमा त्यसको विवरण, खानतलासी पुर्जी तथा बरामदी मुचुल्कासमेत संलग्न राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने छ ।

**अभियुक्तलाई हिरासतमा राख्न सकिने:** मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४(१) बमोजिम व्यक्ति हिरासतमा राख्दा त्यस्तो व्यक्तिलाई प्रक्राउ गरिएको ठाउँ उल्लेख गरी हिरासतमा राख्नुपर्ने कारणसहित थुनुवा पुर्जी दिएर मात्र हिरासतमा राख्नुपर्ने छ। त्यसपछि दफा १४ बमोजिम चौबिस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारीसमक्ष निज अभियुक्तलाई उपस्थित गराउनु पर्नेछ। तर माथि उल्लिखित २४ घण्टाभन्दा बढी अर्थात म्यादभन्दा बढी समय हिरासतमा राख्नुपरेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाइ सरकारी वकिल कार्यालयमार्फत मुद्दा हेर्ने अधिकारीसमक्ष अनुमतिको लागि निवेदन दिनुपर्ने छ।

अभियोजनभर अभियुक्त हिरासतमा रहनेः मानव बेचविखन तथा ओसारपसार ऐनको दफा ८ बमोजिम प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसुरमा बाहेक यस ऐनअन्तर्गत अन्य कसुरसम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसुर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्ने छ।

महिला अपराधी पक्राउ गर्ने सन्दर्भमाः कानुन व्यवसायीले महिला अपराधी पक्रनको लागि मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९(११) मा भएको व्यवस्था बमोजिम कुनै महिलालाई पक्राउ गर्नुपरेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउने तर पक्राउ गर्नुपने अवस्थामा तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत र प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशीलताको सम्मान गर्दै पुरुष प्रहरी कर्मचारीले पक्राउ गर्न सल्लाह सुझाव दिनुपर्दछ ।

# चरण ५ छुट्टै निजी कानुन व्यवसायी नियुक्त गर्ने (वकालतनामा)

### गैरसरकारी संस्था

गै.स.स.ले मानव बेचविखनबाट पीडितहरुलाई निजी कानुन व्यवसायी नियुक्त गर्न सक्ने आवश्यक जानकारी दिनुपर्दछ ।

### गैरसरकारी संस्था (टिप्पणी)

यदि पीडित व्यक्ति बालबालिका भए निजको तर्फबाट संरक्षकको रुपमा पुर्नस्थापनाा गृहको हेरचाह गर्ने व्यक्तिलाई उक्त वकालतनामामा सहि गराई कानुन व्यवसायी नियुक्त गर्ने कुरामा गै.स.स.ले सहयोग गर्नुपर्दछ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले ती पीडितहरुको कानुनी प्रतिनिधिको रुपमा काम गर्नको लागि अदालत समक्ष वकालतनामा पेश गर्न उनीहरुको अनुमति प्राप्त गर्नुपर्दछ ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले पीडितहरुको तर्फबाट अदालतमा प्रतिनिधित्व गर्न वकालतनामा यथाशक्य चाँडो लिनुपर्दछ । वकालतनामा भनेको त्यस्तो अनुमति हो जसले कानुन व्यवसायीलाई पीडितको तर्फबाट अदालतमा बहसपैरवी लगायत अन्य कामहरु गर्न अधिकार प्रदान गर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

प्रभावितको छुट्टै कानुन व्यवसायी नियुक्ति गर्ने अधिकार: मानव बेचविखन तथा ओसारपसारको दफा १० तथा अपराध पीडित संरक्षण ऐनको दफा १२ दुबैले पीडितलाई अदालतमा मुद्दा चलुन्जेल बहसपैरवी गर्न तथा उनको तर्फबाट आवश्यक कार्य गर्ने गरी मुद्दाको प्रतिनिधित्व गर्न छुट्टै कानुन व्यवसायी नियुक्त गर्न सक्ने अधिकार दिएको हुन्छ ।
कानुन व्यवसायीले पीडितको लागि देहायका काम तथा निवेदन गर्न सहयोग गर्न सक्नेछन्–

- उद्धार गरिएका पीडितको स्वास्थ्य परीक्षण गर्न,
- मुद्दा चलुन्जेल पीडित तथा साक्षीहरुको सुरक्षाको लागि मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐनको दफा २६तथा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११४ बमोजिम पीडितको संरक्षणको लागि आदेश गराउन,
- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११३ बमोजिम साक्षी बकपत्रको लागि साक्षीलाई उपस्थितिको आदेश गर्दानिजलाई दैनिक तथा भ्रमण भत्ताको लागि आदेश गर्न ।
- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १२९ र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐनको दफा २७अन्तर्गत यस प्रकार का मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने गरी आदेश गराउन ।

# चरण ६ यौन व्यवसाय गर्ने स्थलको सम्पत्ति जफत गर्ने

## गैरसरकारी संस्था

गै.स.स.ले बेचविखनबाट प्राप्त गरेको सम्पत्ति जफत गर्नको लागि निवेदन दर्ता गर्न आवश्यक पर्याप्त सूचनाहरु दिएर कानुन व्यवायीलाई सहयोग गर्नुपर्दछ ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले के कस्तो सम्पत्ति आर्जन गरेको छ भन्ने वास्तविक तथ्य पत्ता लगाउन यससँग सम्बन्धित अन्य सरकारी तथा गै.स.स.सँग समन्वय तथा सहकार्य गरी सोको जानकारी कानुन व्यवसायी तथा सरकारी वकिललाई समयमै उपलब्ध गराउनुपर्दछ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले बेचविखनबाट प्राप्त सम्पत्ति जफत गर्न सम्बन्धित अधिकारी कहाँ निवेदन दर्ता गर्ने तथा जाहेरीमा जफत गने सम्पत्ति बारे उल्लेख गर्नुपर्दछ ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले गै.स.स.बाट प्राप्त गरेको जफत गर्नुपर्ने सम्पत्तिको सूची अनुसार अभियोगपत्रमा उल्लेख गरिएको छ छैन भन्ने सुनिश्चित गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

जफत गर्न सकिने: मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनको दफा १८ ले यस प्रकारको कसुरबाट कुनै चल अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सम्पत्ति सबै जफत हुने व्यवस्था गरेको छ । कसैले यस ऐन अन्तर्गत को अपराधीक कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानीजानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्ता घर, जग्गा वा सवारी साधन जफत हुने छ ।



# चरण ७ पीडितको लागि क्षतिपूर्तिसम्बन्धी निवेदन पेश गर्ने

## गैरसरकारी संस्था

मानव बेचविखनबाट पीडितलाई पुगेको क्षति अनुसार पर्याप्त क्षतिपूर्तिको माग गर्न गराउन प्रहरी तथा सरकारी बकिल समक्ष पहल गर्नुपर्दछ ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले पीडितहरु माथि भएको क्षतिको विवरण, उपलब्ध प्रमाण कागज तथा साक्षीहरुको बारेमा कानुन व्यवसायीलाई जानकारी दिनुपर्दछ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले गै.स.स. र पीडितहरुसँग छलफल गरी पीडितलाई भएको शारीरिक, मानसिक तथा आर्थिक लगायतका हानि नोक्सानी अनुसार पर्याप्त क्षतिपूर्तिको माग गरेको छ वा छैन भन्ने सुनिश्चित गर्नुपर्दछ ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले पीडितले पाउने क्षतिपूर्तिको सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३२ बमोजिम क्षतिपूर्तिको दावी गरेको छ वा छैन, यदि छैन भने सोको लागि पुरक निवेदन गर्नुपर्ने सम्बन्धमा सरकारी वकिलसँग छलफल गरी सोको सुनिश्चतता गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

अन्तरिम क्षतिपूर्तिको लागि अनुरोध

- मुलुकी अपराध संहिताको दफा ४८ अनुसार कुनै कसुर भएको कारणबाट त्यस्तो कसुरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपरेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिक रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न अदालतले त्यस्तो कसुरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ।
- यदि अभियुक्तले आदेश बमोजिमको रकम क्षतिपूर्ति वापत तिर्न नसकेमा पीडित राहत कोषबाट उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ ।
- यदि अपराधको घटना स्थापना नभएमा वा राहत पाउने वा क्षतिपूर्ति पाउने व्यक्तिले झुट्टा आरोप लगाएको रहेछ भने यस क्षतिपूर्ति रकम पीडित राहत कोषमा फिर्ता गर्न को लागि अदालतले आदेश दिन सक्नेछ ।

मानव बेचविखन प्रभावितलाई न्यायपालिकाबाट प्रदान गरिने क्षतिपूर्ति:

- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनको दफा १७ बमोजिम अदालतले कसुरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ । अभियोगपत्रमा क्षतिपूर्ति स्वरुपको रकम संलग्न हुनुपर्दछ ।
- अदालतले कसुरदारबाट क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था गरे तापनि यदि कसुरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसुरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा ऐनको दफा १४ बमोजिमको पुर्नस्थापनाा कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिने आदेश अदालतले गर्न सक्नेछ ।
- यदि क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ र सो पनि नभए पुर्नस्थापनाा कोषमा जम्मा गर्नुपर्ने छ ।

क्षतिपूर्ति तथा सामाजिक पुर्नस्थापनााको अधिकार: अपराध पीडित संरक्षण ऐनको दफा १९ अनुसार पीडितलाई पुगेको क्षतिवापत क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था गरेको छ । पीडितको सामाजिक पुर्नस्थापनााको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिने छ । क्षतिपूर्तिको रकम

निर्धारण गर्दा अदालतले यस ऐनको दफा ३१ अनुसार कुनै वा सबै विषयलाई आधार लिन सक्नेछः

पीडित बालबालिकाको लागि क्षतिपूर्तिः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ ले पीडकबाट क्षतिपूर्ति नआउने अवस्थामा त्यस्तो क्षतिपूर्ति पीडित बालबालिकालाई प्रदान गर्न बाल कोष स्थापना गरेको छ ।

अभियुक्तको सम्पत्ति संरक्षण गर्नेः अनुसन्धानको क्रममा अभियुक्तको सम्पत्ति वा सम्पत्तिको सूची संकलन गर्नुपर्दछ र त्यस्ता सम्पत्ति कँहि कसैका नाममा हस्तान्तरण गर्ने कार्य रोकि उक्त संकलित सम्पत्ति वा सम्पत्तिको सूची अभियोजन पत्रसाथ पेश गर्नुपर्दछ।

# चरण ८ अभियोगपत्र दर्ता गर्ने

## गैरसरकारी संस्था

गै.स.स.ले अभियोगपत्र दर्ता गर्ने सम्बन्धमा कानुन व्यवसायीसँग जानकारी लिनुपर्दछ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरूले अभियोगपत्र हदम्याद भित्रै विना कुनै ढिलाइ दायर भएको छ छैन सोको लागि कानुन व्यवसायीसँग समन्वय गर्नुपर्ने तथा यसको लागि अनुसन्धानको क्रममा प्रहरी अधिकारीलाई आवश्यक्तानुसार सहयोग गर्न सकिनेछ ।

## कानुन व्यवसायी

कानुन व्यवसायीले प्रहरी तथा सरकारी वकिलसँग नजिक रहेर काम गर्ने तथा तोकिएको समयमा अभियोगपत्र दायर गराउने सुनिश्चितता गर्नुपर्दछ ।

## कानुन व्यवसायी (टिप्पणी)

अभियोगपत्रमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनको दफा १५, १७ र १८ बमोजिमका व्यवस्थाहरु स्पष्ट रुपमा उल्लेख गरेको सुनिश्चित गर्नपर्दछ । साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम अभियोगपत्रमा खुलाउनु पर्ने सम्पूर्ण कुराहरु खुलाएको छ भन्ने सुनिश्चित हुनुपर्दछ र यसका अतिरिक्त यदि पीडितले अपराध संरक्षण ऐन, २०७४ को दफा २५ बमोजिम पीडितले चाहेमा कसुरको कारणले आफूलाई प्रत्यक्ष रुपमा परेको प्रभाव क्षतिको उल्लेख गरी कसुरको अभिलेखपत्र अदालतमा दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष आफूलाई परेको प्रभावको बारेमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेछ । यदि पीडित नाबालक वा कानुनी रुपमा संरक्षण पाउने व्यक्ति भए निजको अभिभावक, संरक्षक, वा कानुन बमोजिमको प्रतिनिधिले पीडितको तर्फबाट त्यस्तो प्रतिवेदन पेश गर्न सक्नेछ ।

कानुन व्यवसायीले देहायका कुराहरु पनि सुनिश्चित गर्नुपर्छः

- अभियुक्त उपर मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐन अन्तर्गत उचित दफाहरु लगाई अभियुक्तलाई अभियोग लगाइएको ।
- अभियुक्तको नाम, ठेगाना तथा अन्य विवरणहरु ठिकसँग उल्लेख गरेको ।
- पर्याप्त क्षतिपूर्तिको दाबी गरिएको ।
- पक्राउ परेका सम्पूर्ण अभियुक्तहरुको मुद्दामा निरन्तर सुनुवाइ ।
- पीडितको पहिचानको गोपनीयता कायम गरेको ।

यदि सरकारी वकिलले तोकिएको हदम्याद भित्र अभियोगपत्र दायर गर्न नसकेमा कानुन व्यवसायीले उच्च सरकारी वकिलको कार्यालय वा सरकारी वकिलको कार्यालयमा अभियोगपत्र तत्काल दायर गर्न आवश्यक कार्यको लागि सहयोग माग्न सक्ने ।

## ध्यान दिनुपर्ने कुराहरु

अभियोगपत्रमा के समावेश गर्नुपर्दछः सरकारी वकिलले अभियोगपत्रमा समावेश गर्नुपर्ने व्यहोरा सम्बन्धमा जानकारी पाउन मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३२ हेर्नुहोस् ।



अभियोगपत्रको प्रतिलिपिः कानुन व्यवसायीले अभियोगपत्रको प्रतिलिपि लिनुपर्दछ । यदि अभियोगपत्रमा तथ्यद्वारा समेटिने अभियोगहरु सबै समेटिएको छैन भने कानुन व्यवसायीले सरकारी वकिल समक्ष उचित अभियोग सहित थप अभियोग समेतको मुद्दा दायर गर्न निवेदन दिनुपर्छ । (मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६)

पीडितलाई अभियोजन र न्यायिक कारवाहीको बारेमा जानकारी पाउने अधिकारः अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ८ र ९ अन्तर्गत अभियोजन तथा न्यायिक प्रकृया लगायत सुनुवाइ हुने मिति, स्थान र समय, अभियुक्तलाई पक्राउ तथा धरौटीमा राखी छुट्याउँदा निर्धारण हुने अवस्थाहरु बारे पीडितलाई जानकारी पाउने अधिकार रहन्छ ।

अभियोजन सम्बन्धी सूचनाको अधिकारः अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ८ अनुसार यदि सरकारी वकिल कार्यालयबाट मुद्दा नचलाउने निर्णय गरेको भएमा मुद्दा नचलाउनुको आधार र कारण बारे यथाशीघ्र पीडितलाई सूचना दिनुपर्नेछ र अभियुक्तहरु मध्ये कुनै व्यक्ति विरुद्ध मुद्दा चलाउने र कुनै व्यक्तिको हकमा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउनुको आधार र कारण सहितको सूचना दिनुपर्दछ । कसुरको सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोरा पनि पीडितलाई जानकारी गराउनु पर्दछ ।

# चरण ९ अभियुक्तलाई धरौटीमा नछोड्ने पक्षमा बहस पैरवी गर्ने

## गैरसरकारी संस्था

गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छोड्ने सम्बन्धी कुनै पनि पत्रको जानकारी पाउने वित्तिकै तुरुन्त कानुन व्यवसायी कहाँ पुऱ्याउनु पर्दछ ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.का प्रतिनिधिहरुले अभियुक्तलाई धरौटीमा छुटाउने बारे जे जस्तो जानकारी थाहा पाएको छ सो कुरा कानुन व्यवसायीलाई भन्नुपर्छ ।

## कानुन व्यवसायी

कानुन व्यवसायी मौखिक तथा लिखित रूपमा धरौटीमा अभियुक्तलाई नछोड्ने पक्षमा बहस गर्न उपस्थित हुनुपर्छ ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले अभियुक्तलाई धरौटीमा नछुटाउन लिखित निवेदन समेत पेश गर्न सक्नेछ । यदि धरौटीमा छुट्ने आदेश भएमा सोआदेश विरुद्ध उच्च अदालतमा निवेदन दर्ता गर्न सरकारी वकिलसँग सहकार्य गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

थुनछेक सम्बन्धी सुनुवाइः सरकारी वकिलबाट अभियोगपत्र पेश गरेपछि अदालतमा अभियुक्त र पीडितको बयानको प्रकृया सकेपछि थुनछेक सम्बन्धी बहस सुरु हुन्छ । थुनछेक भन्नाले मुद्दाको सुनुवाइ प्रारम्भ हुनुभन्दा पहिले अभियुक्तलाई प्रहरी वा न्यायिक हिरासतमा राखेर कारवाही गर्ने वा धितो जमानत लिएर वा साधारण तारेखमा राखेर कारवाही गर्ने भन्ने विषयसँग सम्बन्धित छ । कानुन व्यवसायीले थुनछेक बहसमा सक्रियता पूर्वक सहभागी हुने तथा अभियुक्तलाई धरौटीमा छोड्न नहुने पक्षमा जिकिरसहित बहस गर्नुपर्ने हुन्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ बमोजिम अदालतले अपराधीलाई देहायको अवस्थामा पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ ।
क) एक वर्ष वा सोभन्दा बढि सजाय हुनसक्ने कसुरको अभियोग लागेका अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने वा पछि पक्राउ पर्ने सम्भावना नरहेमा ।

ख) जारी भएको पक्राउ पुर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भइ आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेमा ।

ग) अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसुरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा ।

पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने: यदि अदालतले अभियुक्तलाई थप अनुसन्धानको लागि वा अन्य अदालती प्रकृयाको लागि सामान्य तारेखमा वा धरौट, जमानत वा बैंक जमानतमा छोडिएमा सो आदेश चित्त नबुझेको अवस्थामा सो विरुद्ध पीडितको तर्फबाट सरकारी वकिल मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ७३ बमोजिम एक तहमाथि उच्च अदालतमा निवेदन दिन सक्नेछ । तर सरकारी वकिलले सो निवेदन नदिएमा पीडितको तर्फबाट नियुक्त कानुन व्यवसायीले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।
।त्यस अवस्थामा उक्त सम्मानितत अदालतले दुबै पक्षका कानुन व्यवसायीको बहस सुनेर तथा प्राप्त प्रमाणको आधारमा मुद्दाको सम्पूर्ण जानकारी प्राप्त गरी तल्लो तहको अदालतबाट भएको जमानतको आदेश खारेज वा बदर गर्न सक्नेछ ।

जमानतको निवेदन बारे सूचित हुने अधिकार: अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ९ ले एक अपराधीलाई थुनामा राखिएको छ वा मुक्त गरिएको छ, त्यस्तै थुनामा राख्नु वा मुक्त गर्नु पछाडिको कारण तथा जमानतको निवेदनको सम्बन्धमा जानकारी पाउने अधिकार पीडितलाई सुनिश्चित गरिएको छ ।

## चरण १० मुद्दाको सम्पूर्ण प्रकृयामा सरकारी वकिलसँग सहकार्य गर्ने

### गैरसरकारी संस्था

एकपटक मुद्दा सुरु भएपछि गै.स.स.ले अदालत तथा सरकारी वकिल मार्फत जानकारी लिएर पीडितहरुलाई मुद्दाको अवस्था बारे जानकारी दिई सहयोग गर्नुपर्दछ ।

### गैरसरकारी संस्था (टिप्पणी)

गै .स.ले अभियोजनको सन्दर्भमा सहयोग गर्ने उद्देश्यले मुद्दाको तथ्यबारे जानकारी भएका प्रतिनिधिलाई पठाइ सहयोग गर्नुपर्दछ । विशेष गरी पीडितलाई बयानको समयमा अदालतबाट सोधिने प्रश्न तथा तिनीहरुको जवाफ दिने सम्बन्धमा ।

### कानुन व्यवसायी

कानुन व्यवसायी मुद्दाको हरेक चरणमा र प्रत्येक बहस तथा सुनुवाइमा अदालतमा उपस्थित हुने तथा सरकारी वकिललाई आवश्यक सहयोग गर्नुपर्दछ ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायी प्रत्येक पेशीमा अदालतमा उपस्थित हुने र प्रत्येक सुनुवाइको अगाडि सरकारी वकिलसँग भेट गर्ने तथा मुद्दाका विषयमा छलफल गर्ने र मुद्दा सम्बन्धी नयाँ कुराहरु भए जानकारी गराउनुपर्छ ।

### ध्यान दिनुपर्ने कुराहरु

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनको दफा १० बमोजिम यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानुन व्यवसायी राख्न सक्नेछ । अत: कानुन व्यवसायीले मुद्दामा औपचारिक रुपमा पीडितको तर्फबाट प्रतिनिधित्व गर्न अनुमति दिन सक्नेछ। (चरण २.५ हेर्नुहोला)



## चरण ११ बकपत्रको लागि साक्षीलाई तयार गर्ने

### गैरसरकारी संस्था

गै.स.स.ले पीडितलाई साक्षी बकपत्रको समयमा अदालतमा प्रभावकारी, स्पष्ट र सहि तरिकाले आफ्नो कुरा राख्न सहयोग गर्नुपर्दछ ।

### गैरसरकारी संस्था (टिप्पणी)

जाहेरी दरखास्त दर्ता गर्दा साक्षी बनाइएका गै.स.स.का प्रतिनिधिहरूले आफ्नो बयान अनुसार अदालत सामु साक्षीको रुपमा बकपत्रको लागि उपस्थित हुनुपर्दछ । यसरी उपस्थित हुँदा पीडितलाई पनि अदालतमा साथै लिएर आउनु पर्छ ।

गै.स.स.का प्रतिनिधिले पीडितलाई सुरक्षित साथ अदालत सम्म पुऱ्याउन सहयोग गर्नुपर्छ तथा तिनीहरु अभियुक्तहरुबाट अझै पीडित नहुने समेत सुनिश्चित गर्नुपर्दछ ।

गै.स.स.ले साक्षी परीक्षणको लागि पीडितलाई तालिम प्राप्त तथा दक्ष परामर्शदाताबाट तयारी गर्न सहयोग गर्ने ताकि तिनीहरु विपक्षी कानुन व्यवसायीबाट गरिने जिरहमा अनावश्यक दु:ख झेल्नुको सट्टा साक्षी प्रमाण तथ्यगत एवं स्पष्ट रुपमा बुझाउन सकून् ।

गै.स.स.का कर्मचारीले साक्षी बकपत्रपश्चात पीडित तथा उनका परिवारसँग सोको बारेमा छलफल गर्नुपर्छ ।

### कानुन व्यवसायी

कानुन व्यवसायीले साक्षी परीक्षणको लागि सरकारी साक्षीलाई स्पष्ट, उत्तम तथा तथ्यगत रुपमा साक्षी परीक्षणमा सोधिने र जिरह गर्दा सोधिने सम्भावित प्रश्नहरु बारे जानकारी दिई कसरी उत्तर दिँदा बकपत्र बढि प्रभावकारी हुन्छ भन्ने कुरा सिकाई सरकारी वकिललाई सहयोग गर्ने ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले गै.स.स.सँग मिलेर पीडितलाई साक्षी परीक्षणको लागि तयारी गर्नुपर्ने । यसो गर्दा यथासम्भव पीडितको लागि सहज हुने स्थान रोज्नुपर्ने ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले बकपत्र गर्ने व्यक्तिलाई यसको महत्त्व बारे सुचित तथा मुद्दामा प्रमाण सृजना हुने तथा मुद्दा बारे अद्यावधिक गर्नुपर्छ । कानुन व्यवसायीले मुद्दामा संलग्न सम्पूर्ण साक्षीहरुको बकपत्रको एक एक प्रति प्रमाणित नक्कल लिइराख्नु पर्छ ।

मुद्दालाई यथाशक्य चाँडो सम्पन्न गर्न शीघ्र अदालती प्रकृया अपनाउन निवेदन पेश गर्नुपर्ने ।

पीडित व्यक्ति अदालत समक्ष आफै उपस्थित हुन नसकेकोमा भिडियो कन्फरेन्स मार्फत पीडितको प्रमाण अभिलेखिकरण गर्ने अवसरलाई प्रयोग गर्न कानुन व्यवसायीले सहयोग गर्नुपर्छ ।

साक्षी परीक्षण लगायतका प्रमाण संकलन गर्ने सबै अदालती प्रकृयामा कानुन व्यवसायी उपस्थित हुनुपर्दछ । साथै पीडितलाई पनि सो कार्यका लागि अदालतमा सँगै ल्याउन सहयोग गर्नुपर्दछ । यसले पीडितमा आत्मविश्वास बढाउन सहयोग गर्नेछ ।

## ध्यान दिनुपर्ने कुराहरु

नमुना पुर्पक्ष तथा ईजलासको भ्रमणः बयानको लागि पहिलो पटक अदालतमा प्रवेश गर्दा असहज अवस्थाको सामना गर्न सहज होस् भनी गै.स.स. तथा कानुन व्यवसायीले पीडितलाई ईजलास लिएर जानुपर्छ। अर्को नजिकको सहज स्थानमा यस किसिमको नमुना अदालत बनाई अभ्यास गराउदा पीडितले अभियुक्त विरुद्ध राम्रो बयान गर्न सक्षम हुनेछ।

सरकारी वकिल तथा प्रहरीलाई आवश्यक सहयोग गर्नेः पीडित तथा साक्षीहरुले मुद्दा तथा मुद्दाको तथ्य सम्बन्धमा सरकारी वकिलसँग सरसल्लाह गर्नुपर्छ। मुद्दासँग सरोकार रहेको कुनै विषयमा अदालत जाँदा पीडितलाई सुरक्षाको आवश्यकता महसुस भएमा सोको लागि प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ।

पीडितको लागि छुट्टै कक्षः अपराध पीडित संरक्षण ऐनको दफा १४ मा भएको व्यवस्था अनुसार अदालतले कसुरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्वद्ध व्यक्ति र अभियुक्तको साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्ने वा सो सम्भव र व्यावहारिक नभए सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउन पर्नेछ।

पीडित बालबालिकाको अधिकारः बालबालिका सम्बन्धी ऐनको दफा २५ बमोजिम पीडित बालबालिकाहरुलाई अनुसन्धान, अभियोजन तथा न्यायिक प्रकृयाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुनेछः

क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,
ख) सहज सहभागी वा संलग्न हुने,
ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,
घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ पाउने,
ङ) निशुल्क कानुनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानुन व्यवसायी राख्न पाउने,
च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निशुल्क दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने
छ) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गरेका निर्णय तथा आदेश लगायतका कागजातहरुको प्रतिलिपि निशुल्क पाउने,
ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,
झ) वन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,
ञ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने।

साक्षी परिक्षणः साक्षी परीक्षणको बखत कानुन व्यवसायीले साक्षीहरुलाई सोधिने सम्भावित प्रश्नहरु तयार गरिदिएर सरकारी वकिललाई सहयोग गर्नुपर्ने।

जरहः साक्षीलाई जिरह गर्दा सोधिन सक्ने सम्भावित प्रश्नहरुमा पूर्वतयारी गरी साक्षीलाई अदालतमा उपस्थित हुन सहज बनाइ दिनुपर्छ।

प्रमाणको भारः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी ऐनको दफा ९ अन्तर्गत आफूविरुद्ध लागेको कसुरमा आफूले सो कसुर गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्तले नै पुऱ्याउनु पर्ने व्यवस्था रहेको छ।

## थप जानकारी तथा कार्य

प्रकृयावारे बुझाउनुपर्नेः कानुन व्यवसायीले मुलुकी फौजदारी कार्यविधि संहिता तथा प्रमाण ऐन, २०३१ अन्तर्गतका मुद्दाको विभिन्न चरणहरु बारे राम्रोसँग बुझि पीडितहरुलाई बुझाउनु पर्छ। त्यस्तै साक्षी परीक्षण तथा जिरहका प्रावधान सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ५० देखि ५२ सम्मका प्रावधानहरुबारे बुझाउनु पर्छ।

साक्षी परीक्षण छिटो सक्याउनेः मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १०६ अन्तर्गत "अदालतले साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएसम्मका सबै साक्षीहरुको बकपत्र गराउनु पर्नेछ र त्यस दिन उपस्थित सबै साक्षीहरुको बकपत्र गराउन समय अभावको कारणले नभ्याएमा मात्र त्यसपछि अदालत खुल्ने अर्को दिन बकपत्र गराउनु पर्नेछ।"



# चरण १२ अन्तिम बहस गर्ने

### गैरसरकारी संस्था

मुद्दाको अन्तिम चरणमा, अदालतले बहसनोट माग गरेमा गै.स.स.ले सरकारी वकिल मार्फत पेश गर्न सो बहसनोट तयार गर्न कानुन व्यवसायीलाई आवश्यकतानुसार सहयोग गर्ने।

### गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स.ले कानुन व्यवसायीलाई बहस नोट पेश गर्नका लागि सम्भव भएसम्म धेरैभन्दा धेरै जानकारीहरु दिएर सहयोग गर्नुपर्दछ।

### कानुन व्यवसायी

अदालतबाट बहसनोट माग भएमा कानुन व्यवसायीले सरकारी वकिलसँग समन्वय गर्ने। सरकारी वकिलमार्फत अदालत समक्ष बुझाउन सहयोग गर्ने। यदि निजले समन्वय गर्न अस्वीकार गरेमा आफैले तयार गरी बुझाउन पनि सकिन्छ।

### कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायी मुद्दाको अन्तिम पेशीमा बहसको लागि उपस्थित हुन सक्नेछ र अदालतबाट बहस नोटको माग भएमा ढाँचा अनुसार मस्यौदा वा अन्तिम बहस नोट तयार गरी अदालत समक्ष पेश गर्न सक्नेछ।

### ध्यान दिनुपर्ने कुराहरु

थप बहसनोट पेश गर्नेः कानुन व्यवसायीले अभियोजनको दाबी गरेका विषयलाई प्रमाण पुग्ने किसिमले पर्याप्त नजिरहरु बहसनोटमा उल्लेख गरी पेश गर्ने।

### थप जानकारी तथा कार्य

लिखित बहस नोटको ढाँचाः लिखित बहस नोटको लागि अनुसूची ५ हेर्नुहोला।

# चरण १३ फैसला प्राप्त गर्ने

### गैरसरकारी संस्था

अदालतबाट फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त गर्न गै.स.स.ले पीडितलाई सहयोग गर्ने।

### गैरसरकारी संस्था (टिप्पणी)

फैसला भैसकेपछि फैसलाको प्रतिलिपि लिन गै.स.स.ले कानुन व्यवसायीसँग सहकार्य गर्नुपर्दछ र सो बारे पीडितलाई जानकारी गराउनु पर्दछ।

### कानुन व्यवसायी

फैसला प्रमाणित प्रतिलिपि प्राप्त गरी सो फैसलामा बोलेका कुराहरु र फैसलाको परिणाम कानुन व्यवसायीले पीडितहरुलाई बुझाउने।

## कानुन व्यवसायी (टिप्पणी)

फैसला भैसकेपछि फैसलाको प्रतिलिपि लिन निवेदन दिई सहयोग गर्नुपर्दछ ।

## ध्यान दिनुपर्ने कुराहरु

अपराध पीडित संरक्षण ऐनको दफा ७, ८ र ९ बमोजिम न्यायिक कारबाही सम्बन्धी सूचनाको जानकारी पाउने अधिकार पीडितमा सुरक्षित रहन्छ ।

# चरण १४ पुनरावेदन गर्ने

## गैरसरकारी संस्था

सुरु अदालतबाट भएको फैसलामा चित्त नबुझेमा सो विरुद्ध पुनरावेदनपत्र तयार गर्नको लागि गै.स.स.ले कानुन व्यवसायीसँग सहकार्य गर्ने ।

## गैरसरकारी संस्था (टिप्पणी)

गै.स.स. तथा पीडितहरु सुरु अदालतबाट भएको फैसलामा चित्त नबुझेमा के कस्तो कुरामा चित्त नबुझेको हो सो बारेमा कानुन व्यवसायीसँग बसी छलफल गर्नुपर्दछ ।

## कानुन व्यवसायी

सुरु अदालतबाट भएको फैसलामा चित्त नबुझे उच्च अदालतमा पुनरावेदनपत्र दर्ता गर्न आवश्यक देखिएमा कानुन व्यवसायीले सरकारी वकिलसँग समन्वय गर्नुपर्दछ ।

## कानुन व्यवसायी (टिप्पणी)

कानुन व्यवसायीले फैसला भएको थाहा पाएको मितिले ३० दिनभित्र पुनरावेदन गर्न सरकारी वकिललाई सहयोग गर्नुपर्दछ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३४(१) ।

## ध्यान दिनुपर्ने कुराहरु

पुनरावेदन गर्ने समयावधिः मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३४(१) बमोजिम अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्य मुद्दामा तिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ । तर त्यस्तो अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाइ पुनरावेदन गर्न चाहने पक्षले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा पुनरावेदन सुन्ने अदालतले बढीमा तिस दिनसम्मको म्याद थामिदिन सक्नेछ ।

यदि अभियुक्तले पुनरावेदन गरेमा कानुन व्यवसायी सोको विपक्षीमा बहस गर्न तयार हुनुपर्छ ।

## थप जानकारी तथा कार्य

कानुन व्यवसायीलाई पुनरावेदनको ढाँचाबारे जानकारी हुनुपर्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची ४५ हेर्नुहोस् ।

JUSTICE VENTURES INTERNATIONAL